अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिका

गोरखा

बैठक नं. १३९

मितिः २०८२।०७।२३ गते आइतबार

आज मिति २०८२ साल कात्तिक २३ गते आइतबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १३९ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ

४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ

५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी

६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ

७. ५ नं. वडा अध्यक्ष श्री बिर्ख ध्वज गुरुङ्ग

८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ

९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ

१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ

११. कार्यपालिका सदस्य श्री कमला सुनार

१२. कार्यपालिका सदस्य श्री सनिल परियार

१३. कार्यपालिका सदस्य श्री धनराज घले

१४. प्रमुख प्रशासकीय अधिकृत श्री रचना बुढाथोकी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)

श्री सञ्जु लामिछाने (रोजगार संयोजक)

श्री ईश्वर वास्ले (वरिष्ठ लेखा सहायक)

अजिरकोट गाउँपालिका
मिति २०८२।०७।२३ गते आइतबार

**गाउँ कार्यपालिकाको १३९ औं बैठकका प्रस्तावहरु**

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ आसोज २८ गते १३८ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १३८ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क.म | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । | गरिएको । | |
| २ | सडक निर्माण आयोजनाको लागि अस्थायी क्रसर संचालन अनुमति प्रदान गर्ने । | गरिएको । | |
| ३ | अ.न.मी पवित्रा जिरेल (चौथो तह) को अध्ययन बिदा स्वीकृत गर्ने । | गरिएको । | |
| ४ | अजिरकोट गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत Staff Nurse सरस्वती बोहोरा (पाचौं तह) लाई अध्ययन प्रयोजनको लागि पूर्व स्वीकृत दिने । | गरिएको । | |

**प्रस्ताव नं २ – मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि अवधारणपत्र पेश गर्ने ।**

**१. पृष्ठभूमिः** गण्डकी प्रदेश सरकार मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराद्वारा मिति २०८२।०५।२८ मा प्रकाशित प्रथम पटकको सूचना अनुसार स्थानीय तहहरुद्वारा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणपत्र पेश गर्ने समवन्धी सूचना प्रकाशित भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्यः** गण्डकी प्रदेश सरकार मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणपत्र पेश गर्नुपर्ने भएको । नवप्रर्वर्तन साझेदारी कार्यक्रम

कार्यान्वयन समिति गठन गर्नुपर्ने साथै एक जना अधिकृत स्तरको कर्मचारी लाई सम्पर्क व्यक्ति तोक्नु पर्ने व्यवस्था भएको ।

**३. निर्णयका आधार र कानूनी व्यवस्थाः**
नजप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका निर्देशिका २०७८ को दफा ६ बमोजिम प्रस्तावकले अनुसूची १ बमोजिमको ढाँचामा अवधारणपत्र पेश गर्नुपर्ने प्रावधान रहेको । सो कार्यविधिको दफा १६९ (ज) बमोजिम स्थानीय तहले कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजिकरणका निमित्त नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्नुपने तथा सोही दफाको उपदफा ९(क) मा एक जना सम्पर्क व्यक्ती तोक्नु पर्ने प्रावधान रहेको ।

**४ निर्णय हुनुपर्ने व्यहोरा**
नजप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका निर्देशिका २०७८ को दफा २२९ ख० बमोजिम २५ प्रतिशत लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता सहित तपसिल बमोजिमको कार्यानवयन समिति गठन गर्ने साथै गाउपालिकाको प्रशासकीय अधिकृत लाल प्रसाद पौडेललाई सम्पर्क व्यक्ती तोकी गण्डकी प्रदेश सरकार मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणपत्र पेश गर्ने।
तपसिलः
क. कार्यक्रम कार्यान्वयन समिति
संयोजक – श्री दीपक देवकोटा (गाउँपालिका अध्यक्ष)
सदस्य – श्री अनिता भुजेल गाउँपालिका उपाध्यक्ष
सदस्य– श्री रचना बुढाथोकी (प्रमुख प्रशासकीय अधिकृत)
सदस्य– श्री बाबुराम अधिकारी (संयोजक – आर्थिक विकास समिति)
सदस्य– श्री मनोज गुरुङ (संयोजक – सामाजिक विकास समिति)
सदस्य– श्री कृष्ण बहादुर गुरुङ (संयोजक – पूर्वाधार विकास समिति)
सदस्य– श्री विन्दा तामाङ (कार्यपालिका सदस्य– महिला )
सदस्य– श्री सनिल परियार (कार्यपालिका सदस्य– दलित )
सदस्य सचिव– लाल प्रसाद पौडेल ( प्रशासकिय अधिकृत)

**प्रस्ताव नं ३ - विविध**

१) आ.व २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसार नमुना दलित वस्ती निर्माण कार्यक्रम अजिरकोट गाउँपालिका वडा नं ३ को ज्यामिरबोटे दलित वस्तिमा संचालन गर्ने निर्णय गरियो।
२) अजिरकोट गाउँपालिकाको Digital Profile तयारिको कार्य सम्पन्न गरी संस्थाले कार्यापालिकाको बैठकमा प्रस्तुत गरेको हुँदा उक्त Digital profile लाई स्विकृत गर्ने निर्णय गरियो।
३) **तपसिल बमोजिमको योजना / कार्यक्रहरुमा निम्न अनुसारको बजेट विनियोजन गर्ने।**

| क.स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट (रु) | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोरखा डान्स ऐकेडेमी | गोरखा | २५,०००।- | बाल प्रतिभा पहिचान तथा प्रवर्द्धन कार्यक्रम | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | अजिरकोट गाउँपालिकालाई पर्यटन प्रवर्द्धनको लागि उच्च पदयात्रा | गाउँपालिका | १,५०,००० | पर्यटन विकास प्रवर्द्धन | |
| ३ | प्रभा मा.वि सिँडी बाटो | वडा नं. २ | १,००,०००।- | भु-संरक्षण कार्यक्रम | |
| ४ | देविस्थान खानेपानी व्यवस्थापन पुर्णता | वडा नं. ३ | २,००,०००।- | खानेपानी व्यवस्थापन | |
| ५ | दत्ते प्रतिक्षालय निर्माण | वडा नं. ३ | २,००,०००।- | सार्वजनिक निर्माण | |